**आकाशवाणी समाचार- नेपाली**
मितिः ०६ जून २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- पश्चिम बंगालका खेलकुद मन्त्री निसित प्रामाणिकले डायमंड हार्बर एफसी सम्बन्धी विभिन्न गुनासोहरूको जाँच सुरु गरिएको बताउनु भएको छ।

- पूर्व राज्य खेलकुद मन्त्री अरुप विश्वासका भाइ स्वरूप विश्वासलाई अदालतले 14 दिनको पुलिस हिरासतमा राख्ने आदेश दिएको छ।

- क्यानिङ पूर्वका पूर्व विधायक तथा भाङ्गर निर्वाचन क्षेत्रका पूर्व तृणमूल कांग्रेसका उम्मेदवार शौकत मोल्लालाई राष्ट्रिय अन्वेषण अभिकरण (एन.आई.ए) ले हिज राति पक्राउ गरेको छ।

- तृणमूल कांग्रेसको राष्ट्रिय कार्यसमितिको बैठकले पार्टी संगठनलाई सुदृढ पार्ने उद्देश्यले धेरै महत्त्वपूर्ण निर्णयहरू गरेको छ।

- विश्व पर्यावरण दिवसको अवसरमा दार्जीलिङ जिल्लाको विभिन्न ठाउँमा हिज दिनभरि पर्यावरण दिवस पालन गरियो।

**निशित प्रमाणिक- डायमन्ड हार्बर**

पश्चिम बंगालका खेलकुद मन्त्री निसित प्रामाणिकले डायमंड हार्बर एफसी सम्बन्धी विभिन्न गुनासोहरूको जाँच सुरु गरिएको बताउनु भएको छ। क्लबले हालै आई-लिग जितेर आईएसएलको लागि छनोट भएको थियो। हिज पत्रकारहरूसँग कुरा गर्नु हुँदै मन्त्रीले क्लबको गठन, यसको आर्थिक स्रोत र यसको खर्च ढाँचाको बारेमा धेरै गुनासोहरू प्राप्त भएको बताउनु भयो। यी सबै विषयमा जाँच भइरहेको छ। उहाँले क्लब नियमहरू अनुसार सञ्चालन भइरहेको छ कि छैन भनेर निर्धारण गरिने बताउनु भयो। मन्त्रीले आवश्यक परेमा क्लबका प्रायोजकहरूलाई पनि सोधपुछ गर्न सकिने बताउनु भयो। क्लबको कोषको स्रोत र त्यसको प्रयोगको पनि जाँच गरिनेछ। उहाँले डायमंड हार्बर एफसीले अभ्यास गर्ने मैदानमा अवैध कब्जाको गुनासो आएको दाबी गर्नु भयो। प्रशासनले मैदान खाली गरिसकेको छ भने प्रतिवेदनको आधारमा थप कारबाही गरिनेछ। खेलकुद मन्त्रीले राज्य खेलकुद विभागले यस विषयमा जाँच सुरु गरेको र भारतीय फुटबल संघ (आईएफए) सँग छलफल भइरहेको बताउनु हुँदै यस मामिलामा चाँडै निर्णय हुन सक्ने बताउनु भयो।

**स्वरूप विश्वास – पुलिस हिरासत**

पूर्व राज्य खेलकुद मन्त्री अरुप विश्वासका भाइ स्वरूप विश्वासलाई अदालतले 14 दिनको पुलिस हिरासतमा राख्ने आदेश दिएको छ। उनलाई हिज अदालतमा पेश गरिएको थियो। स्रोतका अनुसार, स्वरूप विश्वासलाई टोलीगञ्ज क्षेत्रकी एक महिला मेकअप आर्टिस्टले दायर गरेको उजुरीको आधारमा पक्राउ गरिएको हो। उजुरीमा स्वरूप विश्वासले फिल्म, टेलिभिजन र ओटीटी उद्योगमा मेकअप आर्टिस्टहरूको संस्था मार्फत काम गर्ने धेरै मानिसहरूलाई जागिर दिने बहानामा पैसा असुलेको आरोप छ। अभियोजन पक्षले अदालतमा अभियुक्त राजनीतिक प्रभाव भएको प्रभावशाली व्यक्ति भएको तर्क गर्दै विस्तृत सोधपुछ आवश्यक बनाएको तर्क गरेको छ। यसैको आधारमा, अदालतले पुलिसको तर्क स्वीकार गर्दै १४ दिनको पुलिस हिरासतमा राखेको छ।

**तृणमूल नेता पक्राउ**

क्यानिङ पूर्वका पूर्व विधायक तथा भाङ्गर निर्वाचन क्षेत्रका पूर्व तृणमूल कांग्रेसका उम्मेदवार शौकत मोल्लालाई राष्ट्रिय अन्वेषण अभिकरण (एन.आई.ए) ले हिज राति पक्राउ गरेको छ। उनलाई भाग्ने प्रयास गरिरहेको अवस्थामा चिङ्ग्रीघाटा

क्षेत्रबाट पक्राउ गरिएको थियो। स्रोतका अनुसार, भाग्ने डरको बीच शौकत मोल्लालाई पक्राउ गरिएको थियो, यद्यपि उनले पछि आफ्नै जिल्लामा लुक्ने प्रयास गरेका थिए। उनको परिवारले दाबी गरेको छ कि उनी पक्राउ पर्दा केन्द्रीय एजेन्सीमा आत्मसमर्पण गर्न जाँदै थिए। उनकी छोरीले भनिन्, उनलाई पक्राउ गरिएको थिएन तर उनले आत्मसमर्पण गरेका थिए। स्रोतका अनुसार एनआईए टोलीले बिहीबार बिहान उनको जीवनतला निवासमा छापा मारेको थियो। उनी त्यतिबेला उपस्थित थिएनन्। टोलीले उनका छोरा इमरान मोल्लालाई सोधपुछ गरेको थियो र घरको खोजी गरेको थियो। यो कारबाही भाङ्गरको दक्षिण बामुनिया क्षेत्रमा भएको बम विस्फोटको जाँचको सम्बन्धमा गरिएको थियो, जसमा विधानसभा चुनाव अघि एक जनाको मृत्यु भएको थियो र धेरै जना घाइते भएका थिए। इन्डियन सेक्युलर फ्रन्ट (आईएसएफ) का प्रमुख तथा भांगरका विधायक नौशाद सिद्दीकीले यस विषयमा जाँचको माग गरेपछि यो जाँच पुलिसबाट एन.आई.ए.मा हस्तान्तरण गरिएको थियो। जाँचको क्रममा शौकत मुल्लाह सहित धेरै व्यक्तिहरूलाई पक्राउ गरिएको छ।

**तृणमूल- बैठक**

तृणमूल कांग्रेसको राष्ट्रिय कार्यसमितिको बैठकले पार्टी संगठनलाई सुदृढ पार्ने उद्देश्यले धेरै महत्त्वपूर्ण निर्णयहरू गरेको छ। पार्टी नेता कल्याण ब्यानर्जीले हिज साँझको बैठकमा लिइएका निर्णयहरूको विवरण दिनु हुँदै संगठनात्मक संरचनामा ठूला परिवर्तनहरूको घोषणा गर्नु भयो। निर्णयहरू अनुसार, अभिषेक ब्यानर्जीलाई राष्ट्रिय महासचिवको रूपमा सहयोग गर्न डेरेक ओ'ब्रायन र डोला सेनलाई संयुक्त महासचिवको रूपमा नियुक्त गरिएको छ। पश्चिम बंगाल प्रदेश अध्यक्ष सुब्रत बक्षीको अस्वस्थ स्वास्थ्यका कारण चन्द्रिमा भट्टाचार्यलाई प्रदेश अध्यक्ष नियुक्त गरिएको छ। सजदा अहमद, नैना ब्यानर्जी र अन्य धेरै नेताहरूलाई उपाध्यक्ष नियुक्त गरिएको छ। तृणमूल युवा कांग्रेसको नेतृत्व गर्न सायनी घोषलाई नियुक्त गरिएको छ। माला राईलाई महिला संगठनको नेतृत्व दिइएको छ, जबकि प्रियंका अधिकारीलाई विद्यार्थी संगठनको जिम्मेवारी दिइएको छ। पार्टीले यो पनि स्पष्ट पारेको छ कि डेरेक ओ'ब्रायन र कल्याण ब्यानर्जीले राष्ट्रिय प्रवक्ताको रूपमा काम गर्नेछन्, जबकि कुणाल घोषलाई राज्य प्रवक्ताको जिम्मेवारी दिइएको छ। यसका साथै, संगठनात्मक संरचना भित्र अन्य प्रमुख जिम्मेवारीहरू तोकिएका छन्। यसमा मजदुर संघको राज्य अध्यक्षको रूपमा मलय घटक, फेरीवाला संघको इन्चार्जको रूपमा मदन मित्र र कानूनी सेलको इन्चार्जको रूपमा विमान ब्यानर्जी समावेश छन्। पार्टी नेतृत्वले जिल्ला अध्यक्षहरूको छनोट गर्ने जिम्मेवारी पार्टी प्रमुख ममता ब्यानर्जीमा रहने निर्णय पनि गरेको छ।

**मीनाक्षी शर्मा- महासचिव बीजेएमसी**

अभिनेत्री मीनाक्षी शर्मा (शनया) लाई भारतीय जनता मजदूर सभा (बीजेएमसी) को राष्ट्रिय महासचिव (महिला शाखा) नियुक्त गरिएको छ। यो घोषणा बीजेएमसीका राष्ट्रिय अध्यक्ष डा. अर्णब च्याटर्जी र राष्ट्रिय महासचिव जगदीश यादवले पत्रकार सम्मेलनमा गरेका हुन्। एक प्रश्नको जवाफ दिनु हुँदै डा. अर्णब च्याटर्जीले फिल्म उद्योगसँग सम्बन्धित सबै व्यक्तिहरू बी.जे.एम.सी.मा सामेल हुन सक्ने बताउनु भयो। अभिनेत्री मीनाक्षी शर्मा (शनया) ले यस विषयमा निरीक्षण गर्नु हुनेछ।आफ्नो नियुक्तिमा, मीनाक्षी शर्माले महाकाली शहरमा यस्तो जिम्मेवारीको लागि कृतज्ञता व्यक्त गर्नु हुँदै यसलाई आफ्नो क्षमताले भ्याएसम्म पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो। हिज घोषणा गरिएको नयाँ पुनर्गठनमा, चिन्मय रोयलाई बंगालको प्रदेश अध्यक्ष, देवेन्द्रनाथ दासलाई प्रदेश कार्यकारी अध्यक्ष र प्रणति हल्दर, केया मलिक र वाणी हल्दरलाई प्रदेश महिला महासचिव नियुक्त गरिएको छ।

**कालेबुङ मेडिकल कलेज**

दार्जीलिङका सांसद राजु विष्टले कालेबुङमा मेडिकल कलेज स्थपना गर्ने प्रक्रिया औपचारिक रूपमा अघि बडेको जानकारी गराउनु भएको छ। श्री विष्टले गत 29 मईको दिन कोलकतामा मुख्यमन्त्री सुभेन्दु अधिकारीसँग भएको उच्च स्तरीय बैठकपछि मुख्यमन्त्रीले डीपीआर तयार पार्ने निर्देश दिनु भएको बताउनु भएको छ। यसक्रममा कालेबुङको डुग्रास्थित कृषि विश्व विद्यालय परिसरमा 20 एकड़ जमिन मेडिकल कलेजका लागि पहिचान गरिएको छ। उहाँले यो जमिन स्वस्थ्य तथा परिवार कल्याण विभागलाई अन्तर विभागीय हस्तानन्तरण गर्ने प्रस्ताव अघि बढाएको बताउनु भएको छ। यसका साथै सम्बन्धित विभागको स्वीकृतिपछि निर्माण कार्य शुरू हुने पनि उहाँले हिज एक प्रेस विज्ञप्ति जारी गर्नु हुँदै जानकारी गराउनु भएको छ। श्री विष्टले यसका लागि प्रधानमन्त्री नरेन्द्र मोदी अनि मुख्यमन्त्री शुभेन्दु अधिकारीप्रति आभार प्रकट गर्नु भएको छ।

**<u>पहाड़- पर्यावरण दिवस</u>**

विश्व पर्यावरण दिवसको अवसरमा दार्जीलिङ जिल्लाको विभिन्न ठाउँमा हिज दिनभरि पर्यावरण दिवस पालन गरियो।खरसाङ नगरपालिका र वन विभागको आयोजना तथा दार्जिलिङ हिमालयन रेलवे र गैर सरकारी संस्था खरसाङ हेल्पको तत्वावधानमा हिज विश्व पर्यावरण दिवस पालन गरियो। यस अवसरमा वृक्षरोपणको साथमा खरसाङ बजार क्षेत्रमा सर सफाई पनि गरियो। कार्यक्रममा मुख्य अतिथिको रुपमा खरसाङका विधायक सोनाम लामा उपस्थित हुनुहुन्थ्यो भने खरसाङ महकुमा शासक आईएएस प्रिया यादव, डीएफओ खरसाङ आईएफएस देवेश पाण्डे, दार्जिलिङ हिमालयन रेलवेका निर्देशक रिसभ चौधरी, खरसाङ महकुमा पुलिस अधिकारी आईपीएस निरझा अनिस शाह, विद्युत विभाग महकुमा अधिकारी सन्दीप तामाङ, खरसाङ खण्ड विकास अधिकारी कौशिक चक्रवर्ती लगायत अन्यहरु उपस्थित रहेका थिए।

***खरसाङको रेलवे स्टेशन परिसरमा सम्पन्न कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै विधायक सोनाम लामाले, 'विश्व पर्यावरण दिवसको अवसरमा अबदेखि खरसाङमा सिंगल युज पोलिथिन ब्याग प्रयोग नगर्ने प्रण गर्ने आह्वान गर्नु भयो। उहाँले एक पेड़ मा के नाम विषयमा बोल्नु हुँदै सबैले आफुलाई जन्म दिने आमाको नाममा एउटा रुख रोप्ने आह्वान पनि गर्नु भयो। अर्कोतिर सोनादा डिग्री कलेजको राष्ट्रिय सेवा योजना (एनएसएस) एकाइद्वारा विविध कार्यक्रमहरूको आयोजना गरी पर्यावरण दिवस पालन गर्यो। कार्यक्रमको पहिलो चरण कलेजको प्रेक्षागृहमा कलेजका प्राचार्य डा. योगेश खातीको अध्यक्षतामा सम्पन्न भयो। कार्यक्रममा प्राध्यपक रतिका सुब्बा, विशाल राई (जिरो वेस्ट आन्दोलनका अभियन्ता) तथा डा. योगेश खातीले पर्यावरण संरक्षण, स्वच्छताका विविध पक्षबारे आफ्ना विचार व्यक्त गरे। विशेष वक्ताका रूपमा उपस्थित विशाल राईले आफ्नो क्षेत्रलाई फोहोरमुक्त बनाउने उपायहरूबारे विस्तृत जानकारी दिनु हुँदै स्थानीय बासिन्दाहरूको सामूहिक प्रयासबाट आफ्नो गाउँ राजाघट्टा बस्तीलाई फोहोरमुक्त बनाउन सफल भएको अनुभव सहभागीहरूमाझ साझा गर्नु भयो। उहाँले पर्यावरण संरक्षणका लागि व्यक्तिगत तथा सामुदायिक दुवै तहमा सचेतना र सक्रिय सहभागिता आवश्यक रहेको कुरामा जोड दिनु भयो। कार्यक्रमको दोस्रो चरण अन्तर्गत कलेजका प्राचार्य, शिक्षण तथा अशिक्षण कर्मचारीहरू र विद्यार्थीहरूले संयुक्त रूपमा कलेज परिसरमा विभिन्न प्रजातिका वृक्षका बिरुवाहरू रोपण गरेका थिए। यसैबीच मिरिक थाना पुलिसको आयोजनामा एक पेड़ मा के नाम नारा सहित मिरिक झील परिसरमा पर्यावरण दिवस पालन गरियो। कार्यक्रममा मिरिक महकुमा पुलिस अधिकारी आईपीएस विनोद कुमार मिना, मिरिक थानाका आईसी नयन चक्रवर्ती लगायत पुलिस कर्मीहरूको उपस्थिति रहेको थियो। यसक्रममा मिरिक झील परिसरमा विभिन्न प्रजातिको विरूवाहरू रोपियो भने विश्व पर्यावरण दिवसबारे मानिसहरूलाई सचेत गराइयो।***

****** o ******